बैठक संख्या : ५८

आज मिति २०८२/०९/०८ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो ।

उपस्थिति :-

| हस्ताक्षर | क्रंसं. | नाम थर | पद |
|---|---|---|---|
| | १ | श्री राजु थापा | अध्यक्ष |
| | २ | श्री तेज बहादुर थापा | उपाध्यक्ष |
| | ३ | श्री खडक बहादुर थापा | वडा अध्यक्ष वडा नं. १ |
| | ४ | श्री विद्यापति शर्मा | वडा अध्यक्ष वडा नं. २ |
| | ५ | श्री कुल बहादुर वि.क. | वडा अध्यक्ष वडा नं. ३ |
| | ६ | श्री लक्ष्मण पुन | वडा अध्यक्ष वडा नं. ४ |
| | ७ | श्री ज्ञामनाथ कँडेल | वडा अध्यक्ष वडा नं. ५ |
| | ८ | श्री वृहस्पति शर्मा | वडा अध्यक्ष वडा नं. ६ |
| | ९ | श्री प्रेम बहादुर जि.सी. | वडा अध्यक्ष वडा नं. ७ |
| | १० | श्री प्रमानन्द कँडेल | वडा अध्यक्ष वडा नं. ८ |
| | ११ | श्री टिका संगम वि.क. | कार्यपालिका सदस्य |
| | १२ | श्री भूमा देवी पुन | कार्यपालिका सदस्य |
| | १३ | श्री सुन्तली वि.क. | कार्यपालिका सदस्य |
| | १४ | श्री पूर्णमाया सुनार | कार्यपालिका सदस्य |
| गीता | १५ | श्री गिता देवी वि.क. | कार्यपालिका सदस्य |
| | १६ | श्री देवी थापा मगर | कार्यपालिका सदस्य |
| | १७ | श्री मुक्ति पौडेल | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थितिः-

| हस्ताक्षर | क्रंसं. | नाम थर | पद |
|---|---|---|---|
| | | मनोज कार्की | अधिकृत |
| | | | |

वि.सं. : २०८२ पौष ०८ गते मंगलबार

## काठेखाला गाउँपालिकाको ५८ औं कार्यपालिका बैठकको निर्णय

प्रस्ताव तथा निर्णयहरु

१. समिक्षा सम्बन्धमा।

काठेखोला गाउँपालिका, गाउँ कार्यापालिकाको विगतका निर्णयहरुको समिक्षा गरियो। अधिकांश निर्णय कार्यान्वयन भएको र अवस्था सन्तोषजनक रहेको पाइयो।

२. गाउँसभाको सत्रौं अधिवेशन सम्बन्धमा।

काठेखोला गाउँपालिका गाउँसभाको अठारौं अधिवेसन (हिँउदे अधिवेसन) २०८२ साल पौष महिनाको ३० गते आयोजना गर्ने निर्णय गरियो।

३. सार्वजनिक सुनुवाई सम्बन्धमा।

काठेखोला गाउँपालिकाको चालु आर्थिक बर्ष २०८२।८३को पहिलो चौमासिकको सार्वजनिक सुनुवाइ २०८२ साल पौष महिनाको २० गते काठेखोला गाउँपालिका वडा नं ७ रेशमा आयोजना गर्ने निर्णय गरियो।

४. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम २०८२ कार्यान्वियन गर्ने सम्बन्धमा।

आर्थिक बर्ष २०८२।८३ का लागि राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत न्यूनतम् रोजगार क्रियाकलाप सञ्चालनका लागि रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) बाट प्राप्त बेरोजगार व्यक्तिहरुको प्राथमिकता सूची सार्वजनिक गर्ने निर्णय गरियो। साथै स्वीकृत बार्षिक योजना तथा कार्यक्रमको कार्यान्वियनका लागि सम्झौता गरि प्रकृया अगाडि बढाउने निर्णय गरियो।

५. पकेट फ्लो अप कार्यक्रमको भुक्तानि सम्बन्धमा।

काठेखोला गाउँपालिका कृषि विकास शाखाद्वारा आर्थिक बर्ष २०८१।८२मा सम्पादित पकेट फलो अप कार्यक्रम सञ्चालन भएको र सो को भुक्तानि अपुग भइ यस आवमा भुक्तानिका लागि आव २०८२।८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा सि.नं ३७(आर्थिक बिकास) मा गत आबको पकेट फ्लो कार्यक्रमको विनियोजित बजेटबाट भुक्तानि गर्ने निर्णय गरियो।

मिति २०८२ पौष ०८ गते मंगलबार

## काठेखाला गाउँपालिकाको ५८ औं कार्यपालिका बैठकको निर्णय

६. धन्यवादज्ञापनसहित राष्ट्रसन्त स्वामी श्रीपरमानन्द सरस्वती महाराजको रू १० दररेट निर्धारण गरिएको हुलाक टिकट अङ्कित तस्वीर कार्यालयहरूमा राख्ने सम्बन्धमा ।

साविक बिहुँकोट गा.वि.स. ३ हाल काठेखोला गाउँपालिका वडा नं. ६ पौवाडाँडामा विक्रम सम्वत १९९४ साल आश्विन १८ गते माता/पिता श्रीअदिति/टीकारामका तृतिय पुत्ररत्नका रुपमा जन्मी हुर्की, आबाल ब्रह्मचारी रही, देशका विभिन्न जिल्लाहरुमा परम्परागत सनातन वैदिक धर्मको प्रचार गर्दै सामूहिक धान्याञ्चल जस्ता परोपकारमूलक ज्ञान महायज्ञहरुका माध्यमबाट धार्मिक, शैक्षिक सामाजिक सङ्घसंस्थाहरुको स्थापना, संरक्षण र सम्वर्द्धन गरी अतुलनीय राष्ट्रसेवा गर्नुभएका स्वामी परमानन्द सरस्वती महाराजलाई, यस काठेखोला गाउँपालिकाको सिफारिसअनुसार नेपाल सरकार सूचना तथा सञ्चार प्रविधि मन्त्रालयबाट राष्ट्रसन्त उपाधि प्रदानपूर्वक रु १० दररेट निर्धारण गरिएको हुलाक टिकट प्रकाशन गरि यस गाउँपालिकाका आध्यात्मिक मनिषिलाई राष्ट्रिय सम्मान गरेकोमा नेपाल सरकारप्रति धन्यवाद ज्ञापन गर्दै उहाँको सम्मानस्वरुप उक्त हुलाक टिकट अङ्कित तस्वीर चित्र काठेखोला गाउँपालिका कार्यालय, मातहतका कार्यालयहरु, वडा कार्यालयहरु साथै काठेखोला गाउँपालिका भित्रका शैक्षिक, सामाजिक तथा धार्मिक सङ्घ, संस्थाहरुमा राख्ने निर्णय गरियो।

७. अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

काठेखोला गाउँपालिका वडा नं ५ मा रहेको कर्लिम आधारभूत विद्यालय र बिहुँकोट आधारभुत स्वास्थ्य सेवा केन्द्रको निशुल्क जग्गा प्राप्तिका लागि रजिष्ट्रेशन पास गर्ने प्रयोजनका लागि काठेखोला गाउँपालिका वडा नं ५ का वडाअध्यक्ष श्री ज्ञामनाथ कंडेललाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

८. एकपाटा बौर सडक स्तरोन्नती योजनाको दशौं रनिङ बिल भुक्तानि गर्ने सम्बन्धमा।

काठेखोला गाउँपालिका अन्तरगत २०७७ साल जेठ २६ गते सम्झौता भइ निर्माणाधिन अवस्थामा रहेको KRM/w/076/77-03 Upgrading of Ekpata Baura Road योजनाको दशौं रनिङ बिलमा प्राविधिक मूल्याङ्कन बमोजिम पेश भएको कुल रकम रु. ३१,५०,१५०.९६ भुक्तानि गर्ने निर्णय गरियो।

मिति २०८२ पौष ०८ गते मंगलबार